# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ५१५

मिति: २०८३।०५।२३ गते

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### झापाबाट लागु औषध खैरो हेरोईन २०.८३० ग्राम सहित ३ जना पक्राउ।

लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले भारतबाट लागु औषध खैरो हेरोईन खरिद संकलन गरी ल्याई कोशी प्रदेशका जिल्लाहरुमा विक्री गर्ने गरेको भन्ने सुचनाको आधारमा निम्न नामथर, ठेगाना भएका व्यक्तिहरुलाई मिति २०८३।०५।२२ गते जिल्ला झापा मेचीनगर न.पा. वडा नं. ६ र कन्काई न.पा. वडा नं. ५ बाट लागु औषध खैरो हेरोईन २०.८३० ग्राम सहित पक्राउ गरी आवश्यक अनुसन्धानको लागी प्रतिवादी गोविन्द श्रेष्ठ र कृष्ण बहादुर प्रधानलाई इलाका प्रहरी कार्यालय काँकडभिट्टा र रोशन चौधरीलाई इलाका प्रहरी कार्यालय अनारमानी, झापा बुझाइएको।

निम्न:-

❖ **पक्राउ प्रतिवादीहरुको विवरण:**

१. जिल्ला झापा अर्जुनधारा न.पा. वडा नं. ११ ठेगाना भएका वर्ष २१ को गोबिन्द श्रेष्ठ
२. जिल्ला झापा बिर्तामोड न.पा. वडा नं. ११ ठेगाना भएका वर्ष ३० को कृष्णा बहादुर प्रधान
३. जिल्ला झापा कन्काई न.पा. वडा नं. ४ ठेगाना भएका बर्ष ३२ को रोशम चौधरी

❖ **बरामद दशी (सामानहरु) को विवरण:**

१. लागु औषध खैरो हेरोईन २०.८३० ग्राम
२. मोबाईल थान २
३. नेपाली नगद रु २६०० ।-
४. साईकल थान १

प्रवक्ता/सूचना अधिकारी
(दुर्गा राज रेग्मी)
प्रहरी उपरीक्षक

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]

Scanned with CamScanner